This document is signed digitally!

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

# एनएमबि बैंक लिमिटेड

## प्रबन्धपत्र तर्फको संशोधन ।

**प्रबन्धपत्रको दफा ५(कक)(८), ६(क), ६(ख), ६(ग), ७ र ८(झ) मा थप/संशोधन :**

**दफा ५(कक)(८)** : नियमनकारी निकायहरुको स्वीकृति लिई स्वदेशी वा विदेशी मुद्रामा ग्रिन वण्ड, डिवेन्चर लगायतका अन्य वित्तीय उपकरणहरु विदेशी बजारमा निष्काशन, बिक्री वितरण तथा सो संग सम्बन्धित आवश्यक सम्पुर्ण कार्यहरु गर्ने ।

**दफा ६(क)** : बैंकको अधिकृत पूँजी रु.२५,००,००,००,०००/- (अक्षेरेपि पच्चीस अरब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका २५,००,००,००० (अक्षेरेपि पच्चीस करोड) थान शेयरमा विभाजन गरिएको छ ।

**दफा ६(ख)** : बैंकको जारी पूँजी रु.२१,३६,६७,०५,९५९/२४ (अक्षेरेपि एक्काईस अरब छत्तीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १८,३६,६७,०५९.५९ (अक्षेरेपि अठार करोड छत्तीस लाख सतसट्ठी हजार उनन्साठी दशमलव पाँच नौ) थान साधारण शेयरमा र प्रतिशेयर रु.१००/- दरका ३,००,००,००० (अक्षेरेपी तीन करोड) थान अग्राधिकार शेयर गरी २१,३६,६७,०५९.५९ (अक्षेरेपि एक्काईस करोड छत्तीस लाख सतसट्ठी हजार उनन्साठी दशमलव पाँच नौ) थान शेयरमा विभाजन गरिएको छ ।

**दफा ६(ग)** : बैंकको चुक्ता पूँजी रु.२१,३६,६७,०५,९५९/२४ (अक्षेरेपि एक्काईस अरब छत्तीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १८,३६,६७,०५९.५९ (अक्षेरेपि अठार करोड छत्तीस लाख सतसट्ठी हजार उनन्साठी दशमलव पाँच नौ) थान साधारण शेयरमा र प्रतिशेयर रु.१००/- दरका ३,००,००,००० (अक्षेरेपि तीन करोड) थान अग्राधिकार शेयरमा विभाजन गरिएको छ ।

**दफा ७ : बैंकको शेयरको किसिम** : बैंकको शेयरको किसिम देहाय बमोजिम हुनेछ ।

(१) साधारण शेयर (मताधिकार भएको)
- (क) संस्थापक (५१ प्रतिशत)
- (ख) सर्वसाधारण (४९ प्रतिशत)

(२) अग्राधिकार शेयर (मताधिकार नभएको)

**दफा ८(झ)** : बैंकबाट जारी भएको अग्राधिकार शेयर सम्बन्धमा प्रचलित ऐन, नियम तथा नियमनकारी निकायहरुले समय समयमा तोके बमोजिम हुनेछ ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति**
नामथर : भीम प्रसाद पराजुली
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०१-१४
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनी सचिव
NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

This document is signed digitally!

# एनएमबि बैंक लिमिटेड

## नियमावली तर्फको संशोधन ।

नियमावलीको नियम ७, ८, ९, २५(२), २५(३) र २८ मा संशोधन :

नियम ७ : विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु : बैंकको शेयरको वर्ग तथा शेयरधनीहरुको हक, अधिकार प्रबन्धपत्रको दफा ७ बमोजिम हुनेछ । अग्राधिकार शेयरधनीहरुका अन्य अधिकार लगायतका विषयहरु साधारण सभाले तोके बमोजिम हुनेछ ।

नियम ८ : नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने : प्रचलित कानूनको अधीनमा रही नेपाल राष्ट्र बैंकको स्वीकृति लिई विभिन्न वर्गका शेयर खरिद गर्ने शेयरधनीका अधिकारमा हेरफेर गर्दा त्यस्ता वर्गका शेयरधनीहरुको स्वीकृतिको सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।

नियम ९ : अग्राधिकार शेयर सम्बन्धी व्यवस्था : बैंकले प्रचलित कानूनको अधीनमा रही संचालक समितिबाट तोकिएको दरमा लाभांशको रकम वितरण गर्ने गरि साधारण सभाबाट पारित गराई नियमनकारी निकायको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्नेछ ।

नियम २५(२) : फरक मताधिकार भएका वा मताधिकार नभएका शेयरहरु जारी गर्न सकिनेछ ।

नियम २५(३) : बैंकबाट जारी हुने अग्राधिकार शेयर धारण गर्ने शेयरधनीहरुको साधारण सभामा मताधिकार रहने छैन ।

नियम २८ : संचालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या : यस बैंकको संचालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा ऋणभार मुक्त कम्तीमा १०० कित्ता मताधिकार भएको शेयर लिएको हुनुपर्नेछ ।

तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

कम्पनी सचिव
NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति**
नामथर : भीम प्रसाद पराजुली
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०१-१४
कम्पनी रजिष्ट्रारको कार्यालय